कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

अनुसूची -१

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

कोहलपुर नगरपालिकाको नगर सभाको तेहौं अधिवेशनको अको कार्यसूची र समय तालिका

बैठक संख्याः- १ **(पहिलो सत्र)** स्थानः नगर सभाहल

अध्यक्षः श्री पुर्ण प्रसाद आचार्य मितिः २०८०/०३/०८

| क्र.सं. | बैठक बस्ने समय र मिति | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | दिनको १२:३० देखि १३:०० बजे सम्म | उपस्थिति, सामान्य स्वास्थ्य जाँच एवं सभाहलमा प्रवेश | उपस्थित सबै | सचिवालय |
| २ | दिनको १३:१० देखि १३:१५ बजे सम्म | सभाहलमा सभाध्यक्षको प्रवेश र राष्ट्रिय धून | उपस्थित सबै | सचिवालयका कर्मचारी |
| ३ | दिनको १३:१५ देखि १३:२० बजे सम्म | सहिदहरु प्रति श्रद्धा सुमन र मौनधारण | सबै | |
| ४ | दिनको १३:२० देखि १४:०० बजे सम्म | आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत | सभाध्यक्ष | |
| ५ | दिनको १४:०० देखि १४:०५ बजे सम्म | आर्थिक विधेयक, २०८० टेबुल हुने | उप प्रमुख | |
| ६ | १४:०५ बजे | बैठक ५५ मिनेटका लागि स्थगित | सभाध्यक्ष | |
| खाजा समय (नीति कार्यक्रम वा अन्य सार्वजनिक महत्वका विषयमा बोल्न चाहने सदस्यले नाम दर्ता गर्ने) | | | | |

बैठक संख्याः- २ **(दोस्रो सत्र)**

| | | | | |
|---|---|---|---|---|
| १ | दिनको १५:०० बजे | दोस्रो बैठक प्रारम्भ | सभाध्यक्ष | |
| २ | दिनको १५:०० देखि १५:३० बजे सम्म | नीति तथा कार्यक्रम माथी छलफल एवं सार्वजनिक महत्वका विषयमा सदस्यहरुले आफ्नो धारणा राखे | अग्रीम नाम टिपाएका सभासदले | सचिवालयका कर्मचारीले टिपोट गर्ने |
| ३ | दिनको १५:३० देखि १५:३५ बजेसम्म | नीति तथा कार्यक्रम स्वीकृतिका लागि प्रस्ताव र स्वीकृति | सभाध्यक्ष | |
| ४ | दिनको १५:३५ देखि १६:०० बजे सम्म | आ.व. २०८०/८१ को राजश्व एवं व्ययको अनुमान प्रस्तुत हुने | उप प्रमुख | |
| ५ | दिनको १६:०० देखि १६:१० बजे सम्म | विनियोजन विधेयक, २०७९ टेबुल हुने | उप प्रमुख | |
| ६ | दिनको १६:१० देखि १६:३० बजे सम्म | लेखा समितिको प्रतिवेदन प्रस्तुत | लेखा समिति | |
| ७ | दिनको १६:३० देखि १६:५० बजे सम्म | न्यायिक समितिको प्रतिवेदन प्रस्तुत | न्यायिक समिति | |
| ८ | दिनको १६:५० देखि १७:१० बजे सम्म | कार्यपालिकाको (२०७९ फाल्गुनदेखि २०८० असार सम्मको) निर्णय माथी छलफलका लागी पेश | सभाध्यक्ष | |
| ९ | दिनको १७:१० बजे | आगामी बैठकको जानकारी सहित सभाको बैठक स्थगन | सभाध्यक्ष | |

(टिकाराम ढकाल)

नगर सभा सचिव

मितिः २०८०।०३।०७

आज मिति २०८० असार ८ गतेका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री पूर्ण प्रसाद आचार्यज्यूको सभाअध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्य ज्यूहरुको उपस्थितिमा कोहलपुर नगरपालिकाको [illegible]हौं नगर सभाको पहिलो बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरियो।

| क्र.सं. | पद | नाम | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पुर्ण प्रसाद आचार्य | ८ | |
| २ | सदस्य | संगिता सुवेदी | ११ | |
| ३ | सदस्य | बद्री प्रसाद जैसी | १ | |
| ४ | सदस्य | हरि कठायत | २ | |
| ५ | सदस्य | माधव रिजाल | ३ | |
| ६ | सदस्य | मुबारक अलि गुजर | ४ | |
| ७ | सदस्य | दिपेन्द्र श्रेष्ठ | ५ | |
| ८ | सदस्य | श्रीकृष्ण थारु | ६ | |
| ९ | सदस्य | ठग्गा थारु | ७ | |
| १० | सदस्य | लाल बहादुर राना | ८ | |
| ११ | सदस्य | ओपेन्द्र नाथ योगी | ९ | |
| १२ | सदस्य | गौरा कुमारी अधिकारी | १० | |
| १३ | सदस्य | कल्पना शर्मा | ११ | |
| १४ | सदस्य | विरेन्द्र कुमार शाह | १२ | |

| क्र.सं. | पद | नाम | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| १५ | सदस्य | डम्बर बहादुर खड्का | १३ | |
| १६ | सदस्य | नम बहादुर आले मगर | १४ | |
| १७ | सदस्य | दिपेन्द्र कुमार चौधरी | १५ | |
| १८ | सदस्य | पवित्रा कुमारी थारु | ४ | |
| १९ | सदस्य | सुनिता सुनार | ६ | |
| २० | सदस्य | केशर कुमारी रावत | ८ | |
| २१ | सदस्य | सुनिता कुमारी राना विष्ट | ९ | |
| २२ | सदस्य | अनिता कुमारी बुढाक्षेत्री | १५ | |
| २३ | सदस्य | ईश्वरी प्रसाद विश्वकर्मा | २ | |
| २४ | सदस्य | भुप बहादुर दर्जी | ११ | |
| २५ | सदस्य | नरेश बान्तवा राई | १० | |
| २६ | सदस्य | विन्दु कुमारी शाही | १ | |
| २७ | सदस्य | सितली दमाई | १ | |
| २८ | सदस्य | कवि राम पुलामी मगर | १ | |
| २९ | सदस्य | गंग कामी | १ | |
| ३० | सदस्य | तारा देवि सिंह | २ | |
| ३१ | सदस्य | बास मति बिश्वकर्मा | २ | |

| क्र.सं. | पद | नाम | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| ३२ | सदस्य | बिरेन्द्र बिक्रम शाही | २ | — |
| ३३ | सदस्य | पुरन थारु | २ | |
| ३४ | सदस्य | खुमा चन्द | ३ | |
| ३५ | सदस्य | रेखा सुनार | ३ | रेखा |
| ३६ | सदस्य | कालीराम थारु | ३ | — |
| ३७ | सदस्य | हरिलाल ~~शर्मा~~ गैरी | ३ | |
| ३८ | सदस्य | निर्मला थापा | ४ | |
| ३९ | सदस्य | राम दुलारी पासी | ४ | रामदुलारी |
| ४० | सदस्य | नजर अलि बेडुवा | ४ | नजर |
| ४१ | सदस्य | किस्ण कुमारी बुढा | ५ | |
| ४२ | सदस्य | सीता कुमारी नेपाली | ५ | |
| ४३ | सदस्य | देउमान डांगी | ५ | देउमान |
| ४४ | सदस्य | लिला देवी रेग्मी | ६ | |
| ४५ | सदस्य | पिठु लाल थारु | ६ | — |
| ४६ | सदस्य | गोविन्द वाग्ले | ६ | — |
| ४७ | सदस्य | सविता चौधरी | ७ | |
| ४८ | सदस्य | सवारीया चमारनी | ७ | |

| क्र.सं. | पद | नाम | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| ४९ | सदस्य | लोक वहादुर खड्का | ७ | |
| ५० | सदस्य | इन्द्र लाल चौधरी | ७ | |
| ५१ | सदस्य | देवी वि क | ८ | |
| ५२ | सदस्य | दीप बहादुर बुढाथोकी | ८ | |
| ५३ | सदस्य | पहल मान बुढा | ८ | |
| ५४ | सदस्य | कानि चमारनि | ९ | |
| ५५ | सदस्य | बलि राम अहिर | ९ | |
| ५६ | सदस्य | ललन अलि साई | ९ | |
| ५७ | सदस्य | रत्न माया उपाध्याय | १० | |
| ५८ | सदस्य | कमला देवी सुनार | १० | |
| ५९ | सदस्य | श्याम लाला थारु | १० | |
| ६० | सदस्य | भिम प्रसाद पौडेल | १० | |
| ६१ | सदस्य | गीता चलाउने | ११ | |
| ६२ | सदस्य | सारा परियार | ११ | |
| ६३ | सदस्य | सुधन ढकाल | ११ | |
| ६४ | सदस्य | बजु थारु | ११ | |
| ६५ | सदस्य | मनिसरा श्रेष्ठ | १२ | |

| क्र.सं. | पद | नाम | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| ६६ | सदस्य | पान सरि बाठा | १२ | पानसरी |
| ६७ | सदस्य | दोहना प्रसाद थारु | १२ | |
| ६८ | सदस्य | समर बहादुर थापा | १२ | |
| ६९ | सदस्य | गोमा कुमारी खनाल थापा | १३ | |
| ७० | सदस्य | रुद्र कली विश्वमर्मा | १३ | |
| ७१ | सदस्य | बल बहादुर घर्ति | १३ | |
| ७२ | सदस्य | खत्री सरा वली | १३ | खत्री |
| ७३ | सदस्य | सरोजी पाल गडरिया | १४ | |
| ७४ | सदस्य | धन कुमारी नेपाली | १४ | |
| ७५ | सदस्य | जहगिंर अली साई | १४ | |
| ७६ | सदस्य | राम फल धोवी | १४ | |
| ७७ | सदस्य | प्रिया बस्फोर | १५ | प्रिया |
| ७८ | सदस्य | सन्त कुमार थारु | १५ | |
| ७९ | सचिव | टिकाराम ढकाल | | |

# मिति २०८०/०३/०८ गतेको तेह्रौं नगर सभा

## पहिलो बैठकको निर्णय तथा गतिबिधीहरु

१. नगरपालिकाको तेह्रौं नगर सभाको पहिलो बैठक १३:१५ बजे राष्ट्रिय धुन सहित सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्य द्वारा बैठकको कारबाही प्रारम्भ भयो ।

२. विभिन्न कालखण्डमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनार्थ देशको लागि बलिदानी दिने ज्ञात अज्ञात सहिदहरु एवं हालसम्म विभिन्न कारणले ज्यान गुमाएका कोहलपुरबासी आमा बुवा दाजुभाई तथा दिदि बहिनीहरुको सम्झनामा सबै जना आआफ्नो ठाउँमा उठेर एक मिनेट मौन धारण गरियो ।

३. सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्यबाट नगर सभाको बैठकमा पालना गर्नुपर्ने आचारसंहिताहरुको बारेमा जानकारी गराईयो ।

४. सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्यबाट नगरकार्यपालिकाको स्वीकृति बमोजिमको आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत भयो ।

५. सभाअध्यक्षले अनुमति दिएपछि उप प्रमुख श्री संगिता सुबेदीबाट कोहलपुर नगरपलिकाको आर्थिक विधेयक, २०८० सभा समक्ष टेबुल गर्नुभयो ।

६. नगर सभाको दोस्रो बैठकमा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम अध्ययन गरी सोमा सुझाव वा संशोधन राख्न चाहने ईच्छुक सदस्यहरुबाट दफावार छलफलमा भाग लिन एवं विभिन्न क्षेत्र, वर्ग, भुगोल तथा समुदायका तर्फबाट सदस्यज्यूहरुलाई कोहलपुर नगरपालिकाको सार्वजनिक महत्वको विषयमा धारणा राख्नको लागि समयको व्यवस्था गरीएको र सो का लागि सचिवालयमा नाम टिपाउन अनुरोध गर्दै तेह्रौं नगर सभाको दोस्रो बैठक सोही दिन १५:०० बजे बस्ने गरी सभा अध्यक्ष बाट पहिलो बैठक स्थगित भएको घोषणा भयो ।

## तेह्रौं नगर सभाको दोस्रो बैठकको निर्णय तथा गतिबिधीहरु

१. नगर सभाको दोस्रो बैठक दिनको १५:०५ बजे सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्यद्वारा कारवाही प्रारम्भ भयो ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

२. नगर सभाको पहिलो बैठकमा उद्घोष गरिए बमोजिम अघिल्लो बैठकमा पेश भएको नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रममा कुनै सुझाव वा संसोधन भए दफावार रुपमा आफ्नो सुझाव राख्न एवं सार्वजनिक महत्वको कुनै विषयमा विचार जिज्ञासा वा धारणा राख्न सचिवालयमा नाम टिपाएको आधारमा सदस्यहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो ।

क) कविराम पुलामी, नगर सभा सदस्य (वडा नं. १)

- सबै वडा कार्यालयहरुमा सेवाग्राहीहरुका लागी निःशुल्क अनलाईन एवं फोटोकपी गर्ने व्यवस्था मिलाईनुपर्ने ।
- वडा नं. ११ स्थित भारतीय पेन्सन क्याम्प (जिल्ला सैनिक बोर्ड) लाई केही सहयोग गरियोस् ।
- वडा सिमाना जनताको सेवा सुविधा सहज हुने गरी मिलान गरिनुपर्ने ।
- जनप्रतिनिधी र कर्मचारीका सन्तानलाई सामुदायिक विद्यालयमा भर्ना गरी अध्ययन गर्नुपर्ने।
- कार्यालयबाट जारी हुने सिफारिस लगायत अग्रेजीमा हुने कागजात सम्बन्धित वडा कार्यालय एवं नगरपालिकाबाटै बनाउने र सो का लागि अन्य बाहिर व्यक्तिगत पसल वा निजी फर्म/संस्थामा बनाउनु नपर्ने गरी व्यवस्था गरिनुपर्ने । वडाको हेल्प डेस्क सञ्चालनका लागी पहल गरिनुपर्ने।
- अनावश्यक एवं फजुल खर्च नियन्त्रण गर्ने एवं कार्यक्रमहरु होटल, पार्टी प्यालेस र पाँच तारे होटलमा सञ्चालन नगर्ने, मितव्ययिता अपनाउने ।
- एक महिलालाई जस्तै एकल पुरुषका लागी आर्थिक, सामाजिक अवस्था पहिचान गरी सम्बोधन गरिनुपर्ने ।

ख) सुदन ढकाल, नगर सभा सदस्य (वडा नं. ११)

- नगरपालिका भित्र व्यवस्थित ढल निकासको व्यवस्था गरिनुपर्ने ।
- बजेट सिलिङ् निर्धारण गर्दा वडाको जनघनत्व, जनसंख्या, बस्ती विकास आदीलाई ध्यान दिएर बजेट विनियोजन गरिनुपर्ने ।
- बसपार्क भत्काएपछि बाँकी रहेका त्यसका अवशेष (ईट्टा, ढुँगा) आदीको उचित व्यवस्थापन गरिनुपर्ने ।
- योजना सञ्चालन गर्दा खानेपानी, विद्युत लगायत कार्यालयसँग समन्वय गरी कार्य गरिनुपर्ने । घर नक्सा पास सम्बन्धी स्पष्ट व्यवस्था गरिनुपर्ने ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

- फोहर व्यवस्थापन गर्दा बाटोको छेउमा अवस्थित तरिकाले फोहोर फाल्ने कार्यलाई निषेधित गरी फोहरलाई सेग्रीगेट गरी राखिनुपर्ने । मासुजन्य फोहोरको उचित व्यवस्थापन गरिनुपर्ने ।

ग) भीम प्रसाद पौडेल, नगर सभा सदस्य (वडा नं. १०)

- सङ्घीय सरकार, प्रदेश सरकारसँग नगरपालिकाले समन्वय गरी बजेट विनियोजन गर्नुपर्ने। साथै सङ्घीय एवं प्रदेशबाट विनियोजित बजेटका योजना तथा कार्यक्रमहरुको नगरपालिकाबाट अनुगमन गर्ने व्यवस्था गरिनुपर्दछ ।
- नक्सापास सम्बन्धी व्यवस्था स्पष्ट गरिनुपर्ने । एक पटक नक्सा पास भईसकेका पुराना घरहरुको पुन नक्सा पास गर्नु पर्ने नपर्ने बारेमा स्पष्ट गरिनुपर्ने ।
- विद्यालयले छात्रबृत्ति वितरण गर्दा स्पष्ट मापदण्ड तयार गरिनुपर्ने र वडा प्रतिनिधीको रोहबरमा पारदर्शी रुपमा छात्रबृत्ति वितरण गरिनुपर्ने ।

घ) बीरेन्द्र कुमार शाह, नगर सभा सदस्य (वडा नं. १२)

- रोहिनी खोलालाई डुँडुवा रोहिनी करिडोर बनाईनुपर्ने । चप्परगौडि बजार क्षेत्रभित्र सञ्चालनमा रहेका ग्यारेजहरुलाई अन्यत्र उचित स्थानमा व्यवस्थापन गरी व्यवस्थित बजारको रुपमा विकास गरिनुपर्ने ।
- २०१५ साल मै वि.पी राजमार्ग नामाकरण भएकाले सो लाई कार्यान्वयनमा ल्याई राजमार्ग निर्माण कार्यलाई प्राथमिकता दिईनुपर्ने । वडा नं. १२ र १३ मा बोटानिकल पार्क निर्माण गरिनुपर्ने । जैविक मार्गलाई नीति तथा कार्यक्रममा समेटिनुपर्ने ।
- राष्ट्रिय निकुञ्ज नजिक रहेका बस्तिहरुमा वन्यजन्तुबाट हुने क्षेती न्यूनिकरणका लागी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने । वडा नं. २, १२ र १३ का निकञ्जसँग जोडिने भागहरुमा मेसजालीद्वारा घेरबार गरिनुपर्ने ।
- प्राकृतिक चिकित्सालयलाई बजेटको व्यवस्था गरिनुपर्ने ।
- ३ लाखसम्मको बजेटको योजना तथा कार्यक्रमको वडाबाटै योजना सम्झौता गर्ने व्यवस्था गरिनुपर्ने ।
- लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम नीति तथा कार्यक्रममा समेटिनुपर्ने ।
- खानेपानी समस्याको दीर्घकालिन समाधान गर्न भेरी बबई डाइभर्सन मार्फत सङ्घीय सरकारसँगको सहकार्यमा अगाडी बढाइनुपर्ने । भेरी बबई चिसापानी डाइभर्सन बनाईनुपर्ने।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

२. सभामा प्रस्तुत भई अध्ययन पश्चात भर्खरै सदस्यहरुले दिएका सुझावहरु उक्त नीतिको अभिन्न अंग हुनेगरी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्मानित सभाबाट स्वीकृतिका लागि सभाध्यक्षद्वारा प्रस्ताव भएकोमा प्रस्तावित चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम सर्व सम्मतले पारित भयो ।

३. सभा अध्यक्षले अनुमति दिएपश्चात कोहलपुर नगरकार्यपालिकाको तर्फबाट उपप्रमुख श्री संगिता सुवेदीले आर्थिक वर्ष २०८०/०८१ को राजश्व एवं व्ययको अनुमान (बजेट वक्तव्य) प्रस्तुत भयो ।

४. नगर उप प्रमुख श्री संगीता सुवेदी ज्यूले कोहलपुर नगरपालिकाको विनियोजन विधेयक २०८० टेबुल गर्नु भयो ।

५. कोहलपुर नगरसभाबाट गठित लेखा समितिको प्रतिवेदन एवं हालसम्मको नगरपालिका तर्फको फछ्र्यौट गर्नुपर्ने बेरुजुको दफावार विवरण लेखा समिति संयोजक श्री गोमा खनालले टेबुल गर्नुभयो ।

६. यस नगरपालिकाको न्यायीक समितिको वार्षिक प्रतिवेदन न्यायिक समिति संयोजक श्री संगिता सुवेदीले पेश गर्नुभयो ।

७. कोहलपुर नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशनको दोस्रो बैठकबाट नगर कार्यपालिकालाई प्रदत्त अधिकार बमोजिम मिति २०७९ फाल्गुन देखि २०८० असारसम्म विभिंन्न मितिमा बसेको नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु मध्ये सभामा अनुमोदन हुनुपर्ने विषयहरु सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्यबाट टेबुल भयो ।

८. सभामा टेबुल भएका कोहलपुर नगरपालिकाको आर्थिक विधेयक, २०८०, आर्थिक वर्ष २०८०/०८१ को राजश्व एवं व्ययको अनुमान, कोहलपुर नगरपालिकाको विनियोजन विधेयक, २०८०, लेखा समितीको प्रतिवेदन एवं बेरुजु नियमितका लागी पेश भए बमोजिमको विवरण, कार्यपालिकाका निर्णय अनुमोदन एवं दायित्व बाँकी योजना तथा कार्यक्रम, न्यायिक समितिको प्रतिवेदन माथि अर्को बैठकमा दफावार छलफल हुने विषय सभाध्यक्षबाट बैठकमा जानकारी भयो।

९. सभाका अध्यक्षबाट सभाको अर्को बैठक मिति २०८० असार २६ गते दिनको ठिक १३:०० बजे बस्ने गरी स्थगित भएको घोषणा भयो ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ९ को उपदफा (१) संग सम्बन्धित

# कोहलपुर नगरपालिकाको तेह्रौं नगर सभाको

(कार्यसूची र समय तालिका)

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्या:- ३ तीन
अध्यक्षः श्री पुर्ण प्रसाद आचार्य

बैठक स्थानः- नगर सभाहल
मितिः- २०८०/०३/२६

| बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| दिनको १२:३० देखि १३:०० बजे सम्म | सभा सदस्यहरुको नगरपालिका प्रवेश, उपस्थितिमा दस्तखत, दफावार छलफलमा भाग लिन चाहने सदस्यले नाम टिपाउने | सचिवालयका कर्मचारीहरुबाट | |
| दिनको १३:१० देखि १३:१५ बजे सम्म | सबै सदस्यहरु, आगन्तुक पत्रकारहरु तथा सचिवालयका कर्मचारीहरुको हलभित्र प्रवेश | | |
| दिनको १३:१५ देखि १३:२० बजे सम्म | सभाध्यक्षको प्रवेश सँगै राष्ट्रिय धुन बज्ने | | |
| दिनको १३:२० देखि १३:२५ बजे सम्म | बैठकका आचार संहिता एवं बैठकको संक्षिप्त सूची सहित बैठकको कार्यप्रारम्भ | सभाध्यक्ष | |
| दिनको १३:२५ देखि १४:३० बजे सम्म | सभाको अघिल्लो बैठकमा टेबुल भएका देहायका विषयको दफावार छलफलमा भाग लिन सचिवालयमा अग्रिम नाम टिपाएका सदस्यले आफ्नो धारणा राख्ने<br>क. आर्थिक विधेयक, २०८०<br>ख. आय एवं व्ययको विवरण (बजेट बक्तव्य)<br>ग. विनियोजन विधेयक, २०८०<br>घ. लेखा समिति प्रतिवेदन एवं बेरुजु नियमति गर्ने/ फछ्यौट गर्ने<br>ङ. कार्यपालिकाका निर्णयहरु अनुमोदन एवं दायित्व बाँकी योजना/ कार्यक्रमहरु<br>च. न्यायिक समिति प्रतिवेदन माथी राय सूझाव<br>छ. समसामयिक विषयमा धारणा राख्ने | सभाध्यक्ष एवं अग्रीम नाम टिपाएका सदस्यहरु | |
| १४:३० बजे देखि दिनको १४:४५ बजे | सम्बन्धित पदाधिकारीबाट जवाफ धारणा | सभाध्यक्ष, उपप्रमुख | |
| १४:४५ बजे देखि दिनको १४:५० बजे | मिति २०८०/०३/०८ को बैठकमा टेबुल भई आजको बैठकमा दफावार छलफल भएका विषयहरु स्वीकृतिका लागी पेश हुने | सभाध्यक्ष | |
| १४:५० बजे देखि दिनको १५:३० बजे | मन्तव्य एवं सम्बोधन<br>- श्री ओपेन्द्रनाथ योगी, वडा अध्यक्ष, ९ नं. वडा<br>- श्री माधव रिजाल, वडा अध्यक्ष, ३ नं. वडा<br>- श्री नम बहादुर आले, नगर प्रवक्ता एवं वडा अध्यक्ष, १४ नं. वडा<br>- श्री संगिता सुबेदी, उप-प्रमुख | सभाध्यक्ष | |
| १५:३० बजेपछि | आगामी नगर सभा बस्नु अगावै सभाद्वारा गर्नुपर्ने कुनै अत्यावश्यक निर्णय भए कार्यपालिकाबाट गरी कार्यसम्पादन गर्ने अधिकार प्रत्यायोजनको प्रस्ताव सहित अध्यक्षबाट सम्बोधन एवं नगर सभाको तेह्रौं अधिवेशन अन्त्यको सूचना गरी बैठक समापन | सभाध्यक्ष | |
| | दिवा खाजा | | |

(टिकाराम ढकाल)
नगर सभा सचिव
मितिः २०८०/३/२५

आज मिति २०८० असार २६ गतेका दिन कोहलपुर नगरपालिकाका नगर प्रमुख श्री पूर्ण प्रसाद आचार्यज्यूको सभाअध्यक्षतामा तपसिल बमोजिमका नगरसभा सदस्य ज्यूहरुको उपस्थितिमा कोहलपुर नगरपालिकाको तेह्रौ नगर सभाको तेस्रो बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरियो।

| क्र.सं. | नाम | पद | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| १ | पुर्ण प्रसाद आचार्य | अध्यक्ष | ८ | |
| २ | संगिता सुवेदी | सदस्य | ११ | |
| ३ | बद्री प्रसाद जैसी | सदस्य | १ | |
| ४ | हरि कठायत | सदस्य | २ | |
| ५ | माधव रिजाल | सदस्य | ३ | |
| ६ | मुबारक अलि गुजर | सदस्य | ४ | |
| ७ | दिपेन्द्र श्रेष्ठ | सदस्य | ५ | |
| ८ | श्रीकृष्ण थारु | सदस्य | ६ | |
| ९ | ठग्गा थारु | सदस्य | ७ | |
| १० | लाल बहादुर राना | सदस्य | ८ | |
| ११ | ओपेन्द्र नाथ योगी | सदस्य | ९ | |
| १२ | गौरा कुमारी अधिकारी | सदस्य | १० | |
| १३ | कल्पना शर्मा | सदस्य | ११ | |
| १४ | विरेन्द्र कुमार शाह | सदस्य | १२ | |

| क्र.सं. | नाम | पद | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| १५ | डम्बर बहादुर खड्का | सदस्य | १३ | |
| १६ | नम बहादुर आले मगर | सदस्य | १४ | |
| १७ | दिपेन्द्र कुमार चौधरी | सदस्य | १५ | |
| १८ | पवित्रा कुमारी थारु | सदस्य | ४ | पवित्रा |
| १९ | सुनिता सुनार | सदस्य | ६ | सुनिता |
| २० | केशर कुमारी रावत | सदस्य | ८ | |
| २१ | सुनिता कुमारी राना विष्ट | सदस्य | ९ | |
| २२ | अनिता कुमारी बुढाक्षेत्री | सदस्य | १५ | |
| २३ | ईश्वरी प्रसाद विश्वकर्मा | सदस्य | २ | अनुपस्थित |
| २४ | भुप बहादुर दर्जी | सदस्य | ११ | |
| २५ | नरेश बान्तवा राई | सदस्य | १० | |
| २६ | विन्दु कुमारी शाही | सदस्य | १ | |
| २७ | सितली दमाई | सदस्य | १ | |
| २८ | कवि राम पुलामी मगर | सदस्य | १ | |
| २९ | गंग कामी | सदस्य | १ | |
| ३० | तारा देवि सिंह | सदस्य | २ | तारा |
| ३१ | बास मति बिश्वकर्मा | सदस्य | २ | |

| क्र.सं. | नाम | पद | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| ३२ | बिरेन्द्र बिक्रम शाही | सदस्य | २ | अउपस्थित |
| ३३ | पुरन थारु | सदस्य | २ | [illegible] |
| ३४ | खुमा चन्द | सदस्य | ३ | [illegible] |
| ३५ | रेखा सुनार | सदस्य | ३ | [illegible] |
| ३६ | कालीराम थारु | सदस्य | ३ | अउपस्थित |
| ३७ | हरिलाल जैसी | सदस्य | ३ | [illegible] |
| ३८ | निर्मला थापा | सदस्य | ४ | अउपस्थित |
| ३९ | राम दुलारी पासी | सदस्य | ४ | रामदुलारी |
| ४० | नजर अलि बेडुवा | सदस्य | ४ | नजर |
| ४१ | किस्ण कुमारी बुढा | सदस्य | ५ | [illegible] |
| ४२ | सीता कुमारी नेपाली | सदस्य | ५ | [illegible] |
| ४३ | देउमान डांगी | सदस्य | ५ | देउमान |
| ४४ | लिला देवी रेग्मी | सदस्य | ६ | [illegible] |
| ४५ | पिठु लाल थारु | सदस्य | ६ | [illegible] |
| ४६ | गोविन्द वाग्ले | सदस्य | ६ | [illegible] |
| ४७ | सविता चौधरी | सदस्य | ७ | अउपस्थित |
| ४८ | सवारीया चमारनी | सदस्य | ७ | [illegible] |

| क्र.सं. | नाम | पद | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| ४९ | लोक वहादुर खड्का | सदस्य | ७ | |
| ५० | इन्द्र लाल चौधरी | सदस्य | ७ | |
| ५१ | देवी वि क | सदस्य | ८ | |
| ५२ | दीप बहादुर बुढाथोकी | सदस्य | ८ | |
| ५३ | पहल मान बुढा | सदस्य | ८ | |
| ५४ | कानि चमारनि | सदस्य | ९ | |
| ५५ | बलि राम अहिर | सदस्य | ९ | |
| ५६ | ललन अलि साई | सदस्य | ९ | |
| ५७ | रत्न माया उपाध्याय | सदस्य | १० | |
| ५८ | कमला देवी सुनार | सदस्य | १० | |
| ५९ | श्याम लाला थारु | सदस्य | १० | |
| ६० | भिम प्रसाद पौडेल | सदस्य | १० | |
| ६१ | गीता चलाउने | सदस्य | ११ | |
| ६२ | सारा परियार | सदस्य | ११ | |
| ६३ | सुधन ढकाल | सदस्य | ११ | |
| ६४ | बजु थारु | सदस्य | ११ | |
| ६५ | मनिसरा श्रेष्ठ | सदस्य | १२ | |

| क.सं. | नाम | पद | ठेगाना | उपस्थिति |
|---|---|---|---|---|
| ६६ | पान सरि बाठा | सदस्य | १२ | |
| ६७ | दोहना प्रसाद थारु | सदस्य | १२ | |
| ६८ | समर बहादुर थापा | सदस्य | १२ | |
| ६९ | गोमा कुमारी खनाल थापा | सदस्य | १३ | |
| ७० | रुद्र कली विश्वमर्मा | सदस्य | १३ | |
| ७१ | बल बहादुर घर्ति | सदस्य | १३ | |
| ७२ | खत्री सरा वली | सदस्य | १३ | |
| ७३ | सरोजी पाल गडरिया | सदस्य | १४ | अनुपस्थित |
| ७४ | धन कुमारी नेपाली | सदस्य | १४ | |
| ७५ | जहगिंर अली साई | सदस्य | १४ | |
| ७६ | राम फल धोवी | सदस्य | १४ | रामफल |
| ७७ | प्रिया बस्फोर | सदस्य | १५ | प्रिया |
| ७८ | सन्त कुमार थारु | सदस्य | १५ | |
| ७९ | टिकाराम ढकाल | सचिव | | |

# तेह्रौं नगर सभा

## तेस्रो बैठकको निर्णय तथा गतिबिधीहरु

मिति २०८० साल असार २६ गते दिनको १३:०० बजे

१. नगर सभाको तेस्रो बैठक १३:०५ बजे राष्ट्रिय धुन सहित सभाका अध्यक्ष श्री पुर्ण प्रसाद आचार्यद्वारा बैठकको कारवाही प्रारम्भ भयो । लुम्बिनी प्रदेशको गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ एवं कोहलपुर नगरपालिकाको नगर सभा संचालन कार्यविधि, २०७४ बमोजिम बैठकका आचारसंहिता एवं बैठकको संक्षिप्त सूचीको बारेमा सभा अध्यक्षबाट जानकारी गराईयो ।

२. नगर सभाको पहिलो र दोस्रो बैठकमा टेबुल भएका देहायका विषयमा कुनै सुझाव वा संसोधन भए दफावार रुपमा आफ्नो सुझाव राख्न एवं सार्वजनिक महत्वको कुनै विषयमा विचार जिज्ञासा वा धारणा राख्न सचिवालयमा नाम टिपाएको आधारमा सदस्यहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो ।

- आर्थिक विधेयक, २०८०
- आ.व. २०८०/०८१ को राजस्व एवं व्यय(बजेट तथा कार्यक्रम)को विवरण
- विनियोजन विधेयक, २०८०
- लेखा समितीको प्रतिवेदन एवं बेरुजु नियमितका लागी पेश भए बमोजिमको विवरण
- कार्यपालिकाका निर्णय अनुमोदन एवं दायित्व बाँकी योजना तथा कार्यक्रम
- न्यायिक समितिको प्रतिवेदन

क) कविराम पुलामी, नगर सभा सदस्य (वडा नं. १)

- कोहलपुर नगर अस्पतालमा क्षयरोग, सुगर, प्रेसरको औषधी नभएकाले औषधी आपूर्तिको आवश्यक व्यवस्था मिलाईनुपर्ने साथै X – Ray सेवा उपलब्ध गराईनुपर्ने ।
- व्यापारीहरुले आफुखुसी सामानको मूल्य बढाएकाले सो को प्रभावकारी अनुगमन हुनुपर्ने ।
- हामीले समन्वय, सहकार्य र सकारात्मक सोचका साथ अगाडी बढनुपर्ने ।

ख) सुनिता सुनार, नगर सभा सदस्य (का.पा. सदस्य)

- नीति तथा कार्यक्रममा केही बिषय छुट भएको महसुस भएको र सबै वडाका विपन्न महिलालाई सीपमूलक तालिम दिने र आयआर्जन कार्यक्रममा जोड्नुपर्ने । युवायुवतीहरुलाई लागु औषध दूर्व्यसनीबाट जोगाउनुपर्ने।
- नगरपालिका र यस अन्तर्गतका सबै शाखा, उपशाखा एवं वडा कार्यालयहरुमा नागरिक वडापत्र र सुझावपेटी राखिनुपर्ने ।
- फोहर व्यवस्थापनमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । फोहर व्यवस्थापनका लागी वडाका प्रतिनिधी, टोल विकास संस्था एवं सर्वसाधारणलाई जागरुक बनाउने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

ग) गोमा खनाल, लेखा समिति संयोजक एवं नगर सभा सदस्य (वडा नं. १३)

- मध्यवर्ती क्षेत्रभित्र पर्ने यस नगरपालिकाको वडा नं. १,२,१२ र १३ का बासिन्दाहरुले पशु सँग संघर्ष गर्दै जिविकोपार्जन गर्ने गरेकोमा त्यस क्षेत्रलाई विशेष ध्यान दिइयोस् ।
- १३ नं. वडाका बाटो ग्राभेल गरियोस् । बालबालिकालाई विद्यालय जान सहज हुने ।
- नगर अस्पताल एवं प्राकृतिक आयुर्वेद अस्पतालका लागी बजेट व्यवस्था गरिनुपर्ने ।
- गेरुवा खोला, रिम वलीको घर नजिकै पुलका साथै सिम्रीमा बाटोको डिपिआर निर्माण गरिनुपर्ने ।

घ) भिम प्रसाद पौडेल, नगर सभा सदस्य (वडा नं. १०)

- कोहलपुरलाई सुन्दर र सम्बृद्ध बनाउन देहायका कार्य गरिनुपर्ने ।
- सिपमुलक तालिम लिएका सहभागीहरुको विवरण राखिनुपर्ने । सिपमुलक तालिम गम्भिरताका साथ दिइनुपर्ने।
- जग्गा प्लटिङ्को मोहीमा फसिने होइन ।
- १० नं. वडामा डुवान हुने क्षेत्र धेरै रहेकाले डुवान समस्या न्यूनिकरणका लागि आवश्यक व्यवस्था गरिनुपर्ने। डुडुवा खोलामा तटबन्धनको व्यवस्था गरिनुपर्ने ।

ङ) गंग कामी, नगर सभा सदस्य (वडा नं. १)

- मेलमिलाप समितिले मेलमिलापकर्तालाई परिचयपत्र उपलब्ध गराउने व्यवस्था गरियोस् ।
- सर्पदंश केन्द्र शिघ्र सञ्चालन गरिनुपर्ने ।
- १ नं. वडामा खानेपानीको समस्या रहेकाले समस्या समाधानका लागी पहल गरिनुपर्ने ।
- लक्षित वर्गको कार्यक्रम वडाबाटै सञ्चालन गर्ने व्यवस्था मिलाइनुपर्ने ।
- विद्यालयमा दलित बच्चा/बच्चीको रकम दामासाहीले बाँडने प्रचलन अन्त्य गर्नुपर्छ ।

च) हरि कठायत, नगर सभा सदस्य (वडा नं. २)

- कोहलपुर चौराहमा ठुलो बाघको प्रतिमा स्थापना गरिनुपर्ने ।
- कोहलपुर नगरपालिका भित्र बोटानिकल पार्क स्थापना गरिनुपर्ने जसले गर्दा कर्णाली र सुदुरपश्चिम प्रदेशको प्रवेशद्वारमा रहेको कोहलपुरलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरी पर्यटन प्रबर्धन गरिनुपर्ने ।
- मध्यवर्ती क्षेत्रमा वनजन्तुले क्षति पुऱ्याएका किसानहरुलाई राहत उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने ।
- कोहलपुर बाल अस्पताल स्थापनाका लागि आवश्यक बजेट बिनियोजन गरिनुपर्ने ।
- नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न सिपमुलक तालिमा वडाबाट छनौट भई सहभागी भएकाहरुको विवरण अभिलेख नगरपालिमा राखिनुपर्ने ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

- सामुहिक होमस्टेका लागी बजेट छुट्याइनुपर्ने । दिवा खाजाको रकममा अनियमितता भएको आशंका भएकाले सो को छानबिन गरिनुपर्ने ।
- २ नं. वडा ठुलो वडा भएकाले सबै वडाहरुलाई थप ५५% का दरले बजेट विनियोजन भएकोमा असहमति रहेको र ठुलो वडालाई बजेट विनियोजन गर्दा प्राथमिकता दिइनुपर्ने ।

छ) कल्पना शर्मा, नगर सभा सदस्य (वडा नं. ११)

- अन्तरपालिका समन्वय कार्यक्रम बजेटमा समावेश गरिनुपर्ने ।
- कोहलपुर ११ स्थित मुक्तकमैया बस्तीमा नाला, बाटो ग्राभेल, पीच लगायतको व्यवस्थापनका लागी आवश्यक बजेट विनियोजन गरिनुपर्ने ।
- नगर गौरवका योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनुपर्ने ।

ज) सुधन ढकाल, नगर सभा सदस्य (वडा नं. ११)

- अनुसूची ४ मा रहेको व्यवसाय करका सम्बन्धमा दुग्ध डेरी लगायतको व्यवसाय कर, अनुसूची ५ मा रहेको आयुर्वदि औषधी, अनुसूची ५ को सि.नं. २७ र २८ मा रहेको फरक फरक करका दरको विषयमा कुरा उठान गर्नुभयो ।

झ) बिरेन्द्र कुमार शाह, नगर सभा सदस्य (वडा नं. १२)

- बहालबिटौरी करको अभिलेख एवं रेकर्ड व्यवस्थित गरिनुपर्ने, "घ" वर्गको निर्माण व्यवसायी ईजाजत शुल्क एवं नविकरण शुल्कमा पुनरावलोकन गरिनुपर्ने ।
- बजेट वक्तव्यमा भौतिक पुर्वाधारमा मात्र नभएर अन्य क्षेत्र पर्यटन र पर्यावरण सँग समन्वय हुने गरी संघसंस्थासँग साझेदारीका लागि बजेटको व्यवस्था गरिनुपर्ने ।

ञ) माधव रिजाल, नगर सभा सदस्य (वडा नं. ३)

- माध्यमिक शिक्षा (९-१२) उतिर्ण भए पश्चात थप अध्ययनका लागी बिदेशिने क्रम बढेकाले स्वदेशमै अध्ययन गर्ने वातावरण निर्माण गरिनुपर्ने ।
- विपद व्यवस्थापन गर्न विपद न्युनिकरणमा प्रयोग हुने औजारहरु संबै १५ वटै वडालाई उपलब्ध गराईनुपर्ने।
- हरित नगर बनाउन नर्सरी स्थापना गरी प्रत्येक व्यक्तिले १(एक) वटा बिरुवा लगाउनुपर्ने, खानेपानी, वातावरण तथा सरसफाई तर्फ साझेदारी कार्यक्रम गरिनुपर्ने । प्लाष्टिकमुक्त झोला प्रयोगलाई अभियानका रुपमा सञ्चालन गरिनुपर्ने, बस अटोभित्र रहेका यात्रूलाई जानकारी गराउने ।
- स्वास्थ्य क्षेत्रमा विनियोजन भएको बजेट प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने । सुगर, प्रेसरको औषधी निःशुल्क वितरणका लागी व्यवस्था मिलाइनुपर्ने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

➢ ५०% अनुदान प्राप्त हुने कार्यक्रमहरु प्रभावकारी बनाईनुपर्ने । वास्तविक किसान पहिचान गरी माटो सुहाउँदो र किसान सुहाउँदो कार्यक्रम गरिनुपर्ने । गहुँ, धान, आलुमा आत्मनिर्भर हुने गरी उत्पादनमा जोड दिइनुपर्ने ।

➢ सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरी तदअनुरुप कार्यक्रम राखिनुपर्छ । वनमा कागतीको बिरुवा लगाईनुपर्ने ।

➢ शाखाका कार्यक्रम पहिलदेखि अहिलेसम्म एकै प्रकारका रहेकाले कार्यक्रम रहेकाले कार्यक्रममा पृथकता गरिनुपर्ने । पशु सेवा शाखाका कर्मचारीहरुले घरदैलोमा पुगेर सेवा उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने ।

➢ सघर सहरी विकास कार्यक्रमका लागी सबै वडाहरु समेटिनुपर्ने ।

ट) <u>ओपेन्द्र नाथ योगी, नगर सभा सदस्य (वडा नं. ९)</u>

➢ भौतिक पूर्वाधार मात्र नभई अन्य सीपमुलक एवं आयआर्जन गर्ने किसिमका कार्यक्रमहरु गरिनुपर्ने ।

➢ शंखे किरा खेती गरिनुपर्ने । भेरी ग्यास उद्योगका कारण वडा नं. ९ र १४ जोखिममा रहेकाले सो को उचित व्यवस्थापन गरिनुपर्ने ।

ठ) <u>नम बहादुर आले, नगर प्रवक्ता एवं नगर सभा सदस्य (वडा नं. १४)</u>

➢ कोहलपुर नगरपालिकालाई समृद्ध बनाउन आर्थिक, सामाजिक एवं पूर्वाधार लगायत शिक्षा तर्फ पनि आवश्यक विकासका लागी ध्यान दिइनुपर्ने लगायतका विषयमा धारणा राख्नुभयो।

३. नगर सभा सदस्य ज्यूहरुले उठान गर्नुभएका विषयवस्तुका सन्दर्भमा नगर उपप्रमुख श्री संगिता सुवेदीले तपसिलका विषयवस्तुमा आफ्नो धारणा राख्नुभयो ।

➢ स्रोत साधनको अपर्याप्तताका बाबजुद नगरलाई समृद्ध बनाउन प्रयासरथ रहेका छौं । १ अरब ७ करोडको मात्र बजेट पेश गरेका छौं । स्रोतको अभावलाई सबैले बुझौं ।

➢ सिप विकासका कार्यक्रम प्रभावकारी नभएको भन्ने तर्फ आफ्ना नजिकका व्यक्तिलाई नदिएर लक्षित व्यक्तिलाई दिइनुपर्ने । सिप विकासका तालिम रोजगारी आर्यआर्जन र उत्पादनसँग जोडेर लिइनेछ लगायतका विषयमा आफ्नो धारणा राख्नुभयो ।

४. सभामा टेबुल भएका कोहलपुर नगरपालिकाको आर्थिक विधेयक, २०८०, आर्थिक वर्ष २०८०/०८१ को राजश्व एवं व्यय (बजेट तथा कार्यक्रमको), कोहलपुर नगरपालिकाको विनियोजन विधेयक, २०८०, लेखा समितीको प्रतिवेदन एवं बेरुजु नियमितका लागी पेश भए बमोजिमको विवरण, कार्यपालिकाका निर्णय अनुमोदन एवं दायित्व बाँकी योजना तथा कार्यक्रम, न्यायिक समितिको प्रतिवेदन सभाबाट स्वीकृतिका लागि सभाध्यक्षद्वारा प्रस्ताव भएकोमा उक्त विधेयकहरु ध्वनी मतको आधारमा सर्वसम्मतले पारित भयो ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

५. सभामा टेबुल भएका देहायका विषयहरु सभाबाट स्वीकृतिको लागि अध्यक्षबाट प्रस्ताव भएकोमा ध्वनीमतको आधारमा सर्व सम्मतले पारित भए:

क) आ.ब. २०८०/०८१ को बाँकि जिल्लाबाट निर्धारण भएको जिल्ला दररेटंलाई नै कायम हुने गरी कोहलपुर नगरपालिकाको आ.ब. २०८०/०८१ को दररेट कायम गर्ने ।

ख) कार्यपालिकाको मिति २०८०/०३/१५ को निर्णयानुसार करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नया अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्य सम्पादन मूल्याङ्कन भई तोकिएको मापदण्ड अनुसार अंक प्राप्त हुने कर्मचारीहरुको २०८० पुष मसान्त सम्म करार अवधी थप गर्ने । नगर प्रहरी निरीक्षक बिर बहादुर थापालाई २०८० श्रावण देखि लागु हुने गरी सातौं तह कायम गरी म्याद थप गर्ने । सामाजिक परिचालक र मेलमिलाप संयोजक पदमा बिगतदेखि कार्यरत कर्मचारीहरुलाई श्रावण देखि लागु हुने गरी सहायक तेस्रो तह (साविकको मुखिया) सरह तलब सुबिधा उपलब्ध गराउने ।

ग) नगर कार्यपालिकाको कार्यालयमा ज्यालादारीमा कार्यरत सवारी चालक कृष्ण राना, टंक प्रसाद पौडेल, माली दले खत्री र नगर स्वास्थ्य प्रवर्धन केन्द्र, शम्सेरगञ्ज अन्तर्गत बर्थिङ् सेन्टरमा कार्यरत सरसफाईकर्मी (क्लिनर) सुनिता मगरलाई आ.ब. २०८०/०८१ का लागी करार नियुक्ति गरी तत्तत् पदको न्यूनतम तलब स्केल कायम गर्ने ।

घ) यस नगरपालिकामा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.ब. २०८०/०८१ मा दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा खटाउने । यस नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशनबाट स्वीकृत संगठन संरचना (O&M) बमोजिम बढी कार्यबोझ हुने वडा कार्यालयहरुमा सम्बन्धित वडातर्फ बिनियोजित बजेटबाट सुविधा भुक्तान हुने गरी सहायता कक्ष सञ्चालन गर्ने गरी श्रेणी विहिन सहयोगी कर्मचारीलाई वडाको सिफारिसमा ज्यालादारीमा कामकाजमा लगाउने ।

ङ) यस कोहलपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको आगामी २०८०।८१ को लागि अनुसुचि - १ मा उल्लेख गरिए बमोजिम तलबी प्रतिवेदन स्वीकृत गर्ने ।

च) नगरपालिकाको आ व. २०८०।०८१ को बजेट तथा कार्यक्रम बाहिरका सङ्घीय सरकार, प्रदेश सरकार एवं सरकारी - गैरसरकारी संघ संस्था एवं निकायहरुले नगर क्षेत्र भित्र कुनैपनि योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नुपूर्व नगरपालिकाको स्वीकृत लिएर मात्र गर्नुपर्नेछ। स्वकृति बेगरका कार्यक्रम सञ्चालन गर्न नपाईने ।

छ) यस नगरपालिकाबाट भुक्तानी हुने गरी सञ्चालन हुन योजना/कार्यक्रम, खरिद सम्बन्धी कार्य, प्रकाशन प्रशारण लगायतका कार्यको लिखित पूर्व अनुमति बेगरका खर्चको भुक्तानी नहुने ।

ज) विपन्न, असहाय, अनाथको स्वास्थ्य उपचार सहित आर्थिक सहयोग माग गर्न आउने व्यक्तिहरुलाई अवस्था अनुसार सहयोग रकम उपलब्ध गराउनका लागी नगर प्रमुखलाई अख्तियारी दिने ।

झ) नगरपालिकाको नीति अनुसार नगर कार्यपालिकाको कार्यालय, शाखा, उपशाखा एवं वडा कार्यालयहरुले गर्ने कार्यक्रमहरु सार्वजनिक खरिन ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धात्मक



पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

प्रकृयाबाट गर्ने । रु. १(एक) लाख भन्दा बढी रकमका कार्यक्रम, समन्वय सहयोग गर्दा प्रतिस्पर्धात्मक विधिद्वारा मात्र माग छनौट गर्ने ।

ञ) कोहलपुर नगरपालिका भित्र सञ्चालन भईरहेका र सञ्चालन हुने उद्योग, व्यवसाय, संघसस्था, मेला महोत्सवहरुले प्रचलित कानूनले तोकिदिएको सामाजिक उत्तरदायित्व अन्तर्गत गर्नुपर्ने कार्यहरु पालना नगरेमा नियमानुसार गर्ने गराउने ।

ट) आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रममा समावेश गर्न सूचना जारी गरिएपनि समयमा पेश नभएका तर नगरपालिकालाई कुनै आर्थिक भार नपर्ने र कार्यक्रम दोहोरो नपर्ने भएको खण्डमा आवश्यकता तथा अवस्था अनुसार सरकारी, गैरसरकारी संस्थाले पेश गर्ने कार्यक्रमहरु स्वीकृत गर्ने ।

ठ) आ.व.२०७९।०८० मा भुक्तानी हुन नसकी आ.व. २०८०।०८१ मा सरी आएका अनुसूची २ बमोजिम चालु तर्फका अनुसूची ३ बमोजिमका पुँजीगत तर्फका दायित्वहरु भुक्तानी दिने।

ड) आ.व. २०८०।०८१ को बजेटमा उल्लेख गरिएको पुँजीगत भैपरी तर्फको बजेटबाट कार्यक्रम तथा योजना छनौट गर्न नगर उपप्रमुख लाई अख्तियारी दिने।

ढ) यस नगरपालिकाको हालसम्मको बेरुजु फछ्यौटका लागी अनुसूची ५ बमोजिमको बेरुजु नियमित गर्ने ।

ण) भवन निर्माण मापदण्ड लागु हुनुपूर्व बनेका तथा बनिसकेका तर नक्सा पास हुन नसकेका भवनहरुलाई आ.व. २०८०।०८१ मा प्रक्रियागत तवरबाट अभिलेखिकरण गर्ने गरी निर्णय गर्ने अधिकार कार्यपालिकालाई दिने।

त) तेह्रौं नगर सभाको पहिलो बैठकमा नगर प्रमुखबाट पेश भई स्वीकृत भएको नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा उल्लेख भएका सम्पूर्ण विषयहरु एवं दोस्रो बैठकमा उप प्रमुखबाट बजेट बक्तब्यमा समावेश भएका विषयहरुलाई सभाको निर्णयको अभिन्न अंग मानी तत्काल कार्यान्वयनमा जाने।

थ) आगामी आर्थिक वर्ष नगर सभा बस्न नसकेको अवस्थामा यस सभालाई भएका केही अधिकारहरु प्रयोग गरी अत्यावश्यकीय निर्णय गर्नुपर्ने भएमा सो गरी कार्यसम्पादन गर्ने र सो विषयहरु लगत्तै बस्ने नगर सभाबाट अनुमोदन गराउने ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख